फिदिम नगरपालिकाको कार्यालय

पाँचथर

## सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालनको लागि परामर्श सेवा उपलब्ध गराउने आशय पत्र पेश गर्ने सूचना

दोश्रो पटक **सूचना** प्रकाशित मिति :२०७६।०६।३ गते

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस **पाँचथर** जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्न **फिदिम नगरपालिका, फाल्गुनन्द गाउँपालिका, फालेलुङ गाउँपालिका र मिक्लाजुङ्ग गाउँपालिकामा** समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन कार्यक्रम(Safer Migration Program)का लागि आवश्यक परामर्श सेवाउपलब्ध गराउने सम्वन्धमा **मिति २०७६/०५/०९ गते राष्टिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता भएका प्रस्तावहरुको मूल्याङ्कन गर्दा तोकिएको मापदण्ड पुरा गरी तीन वटा आशयदाता छनौट हुन नसकेको हुँदा पुन: दोश्रो पटक सूचना प्रकाशन गरिएको छ** । ईच्छुक नेपालको प्रचलित नियमानुसार दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनिहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी आशयपत्र आहवान गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको पन्ध (१५) दिन भित्रमा (अन्तिम दिन विदा परे सो को भोलीपल्ट) कार्यालय समयमा फिदिम नगरपालिकाको कार्यालयमा आईपुग्ने गरी निर्धारित ढाँचामा आशयपत्र पेश गर्न सकिनेछ । आशयपत्रको ढाँचा, सुचीकरणको आधार एवं अन्य थप आवश्यक कुराहरु यस फिदिम नगरपालिकाको वेभसाईट www.phidimmun.gov.np मा राखिएको छ ।

(१) **आशय–पत्रदाताको योग्यता** : (क) अनुभव :कम्तिमा सात बर्ष अगाडी पाँचथर जिल्लामा दर्ता भई कार्यक्रम सञ्चालन गरेको ।
(ख) प्रस्तावित कार्यक्रम संचालन गर्न विगत सात वर्ष सम्पन्न गरेको समान प्रकृतिको कार्य गरेको काम र स्थानको विवरण खुलेको ।

(२) **प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय** :कम्तिमा तीन बर्ष परामर्श सेवाप्रदान गर्नुपर्नेछ ।

(३) संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्तावना माग गरिनेछ ।

(४) आशय–पत्रदाताले आशय–पत्र साथ आशय–पत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(५) **आशय–पत्र पेश गर्ने स्थान:**फिदिम नगरपालिकाको कार्यालय, पाँचथर

(६) आशय–पत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ उक्त निर्देशन पालनान भएको आशय पत्र उपर कारवाहि गरिने छैन ।

(७) सुरक्षित आप्रवासन सम्बन्धि सम्पुर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ ।

(८) यो सेवाप्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्थासंग उप सम्झौता(sub contract)गर्न पाईने छैन । तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जालसंग उप सम्झौता गर्न यो बुदाँले वाधा पुर्‍याउने छैन।

(९) आवश्यक थप जानकारीका लागि सम्पर्क गर्ने ठेगाना फिदिम नगरपालिकाको कार्यालय पाँचथर मोवाईल नं. ९८५२६२३१११ मा सम्पर्क गर्न सकिनेछ ।

विनोद कुमार दाहाल
प्रमुख प्रशासकीय अधिकृत